# Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

The Bank For All

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

The Banker Bank of the Year 2014 NEPAL

मिति : २०७९/०९/२१

च.नं. ८५०७९/८०

**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिँहदरबारप्लाजा, काठमाण्डौं ।**

**विषय : शेयर कारोवार रोक्का राख्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा बैंकको मिति २०७९/०९/२० गते साँझ ५.०० बजे बसेको संचालक समितिको ४१६ औं बैठकको निर्णयानूसार यस ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालय समेतबाट अन्तिम स्वीकृति प्राप्त भएको र मर्जर सम्बन्धी अन्य सम्पूर्ण प्रकृया पुरा भएकाले मर्जर पश्चात ग्लोबल आइएमई बैंक लिमिटेडको नाउँबाट एकीकृत वित्तीय कारोवर मिति २०७९/०९/२५ बाट सुरु गर्ने साथै, नेपाल धितोपत्र बोर्डबाट जारी धितोपत्र दर्ता गरिएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९ नियम ९ बमोजिम ग्लोबल आइएमई बैंक लिमिटेडको नाउँबाट एकीकृत वित्तीय कारोवार शुरुहुने मिति २०७९/०९/२५ देखि बैंकको शेयर मिलान, धितोपत्र पुनः दर्ता, धितोपत्रको अभौतिकिकरण तथा सूचीकरण प्रयोजनका लागि सो मितिले बढीमा १५ दिन सम्म शेयर कारोवार रोक्का राख्ने निर्णय संचालक समितिले गरेकाले संचालक समितिको निर्णय अनुसार शेयर कारोबार रोक्का राखिदिनु हुन सादर अनुरोध गर्दछौं ।

सहयोगका लागि धन्यवाद ।

भवदिय,

..................

बिष्णु प्रसाद बाँस्कोटा

कम्पनी सचिव

संलग्न

१. मिति २०७९/०९/२० गते साँझ ५.०० बजे बसेको संचालक समितिको ४१६ औं बैठकको निर्णय उतार ।

संचालक समितिको मिति
०७९/०९/२०को ४९६औं
बैठकको निर्णय उतार

**क) शेयर कारोबार रोक्का राख्ने सम्बन्धमा ।**

ग्लोबल आइएमई बैंक लिमिट्ेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट अन्तिम स्वीकृति प्राप्त भएको र मर्जर सम्बन्धी अन्य सम्पूर्ण प्रकृया पुरा भएकाले मर्जर पश्चात ग्लोबल आइएमई बैंक लिमिटेडको नाउँबाट एकीकृत वित्तीय कारोवर मिति २०७९/०९/२५ बाट सुरु गर्ने निर्णय संचालक समितिको आजकै बैठकले गरेकाले धितोपत्र दर्ता गरिएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका,२०७९ नियम ९ (२) बमोजिम लक्षित संस्थाको शेयर मिलान,धितोपत्र पुनः दर्ता, धितोपत्रको अभौतिकिकरण तथा सूचीकरण प्रयोजनका लागि बढीमा १५ दिन सम्म शेयर कारोबार रोक्का राख्न सम्बन्धीत संगठित संस्थाले धितो पत्र बजार समक्ष लेखि पठाउनु पर्ने व्यवस्था भएकाले ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा सम्पूर्ण प्रकृया पुरा भएकाले मर्जर पश्चात ग्लोबल आइएमई बैंक लिमिटेडको नाउँबाट एकीकृत वित्तीय कारोवर मिति २०७९/०९/२५ बाट हुनेभएकाले बैंकको शेयर कारोबार मिति २०७९/०९/२५ बाट १५ दिन सम्म रोक्का राख्न नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायतका नियामक निकायमा लेखि पठाउने निर्णय गरियो ।